श्री

# सिन्धुपाल्चोक जिल्ला अदालत

चौतारा, सिन्धुपाल्चोक।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

पत्र संख्या :- ०७७/०७८

चलानी नं. :-

Email-info.dcsindhupalchowk@supremecourt.gov.np

☏०११-६२०१०१

मितिः- २०७८/०१/१५

## सूचना ! सूचना !! सूचना !!!

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नेपालमा पनि तिव्र रुपमा फैलिई रहेको सन्दर्भमा यसको रोकथाम र नियन्त्रणका लागी नेपाल सरकारले विभिन्न मापदण्ड सहितको आदेश जारी गरी सकेको अवस्थामा सम्मानित सर्वोच्च अदालतको मिति २०७८/०१/१४ गतेको पूर्ण बैठकबाट जिल्ला अदालत समेतको हकमा स्थानीय परिस्थिती एवं जोखिमको अवस्थालाई मूल्याङ्कन गर्दै उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धीत अदालतले गर्ने भन्ने निर्णय भएकोले यस अदालतका मुद्दाका पक्षहरु अधिकांशत काठमाण्डौ उपत्यका लगायत अन्य जिल्लाहरुमा रहे भएको, काठमाण्डौं उपत्यका लगायत केहि जिल्लाहरु समेतमा निषेधाज्ञा जारी भई सर्वसाधारणको आवागमनमा असहजता हुनगई यस अदालतका काम कारवाहीहरु समेत प्रत्यक्ष प्रभावित हुने देखिएकोले यस अदालतबाट नियमित काम कार्वाही मध्ये मिति २०७८।१।१६ देखि मिति २०७८।१।३१ सम्म देहाय **बमोजिमका काम कारवाही मात्र सम्पादन** हुने गरी यस अदालतबाट मिति २०७८/१/१५ मा निर्णय भएको हुँदा सम्बन्धीत सबै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

१. म्याद थप, पक्राउ पुर्जी, कल डिटेल अनुमती (CDR) र जरुरी पक्राउपुर्जीको समर्थन सम्बन्धी कार्य गर्ने,
२. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक गर्ने,
३. बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धी निवेदन दर्ता तथा सुनुवाई गर्ने,
४. प्रहरीद्वारा पक्राउ गरी ल्याएका फरार प्रतिवादीको बयान तथा थुनछेक सम्बन्धी कार्य गर्ने,
५. घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई,सजाय निर्धारण, मुद्दा फिर्ता, डिसमिस, तामेली, मिलापत्र गर्न र धरौटी फिर्ता गर्ने
६. दुवै पक्षका कानून व्यवसायी उपस्थित भएका मुद्दाहरुको सुनुवाई गर्ने,
७. फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ अन्तर्गतका निवेदन सम्बन्धी कार्य गर्ने
८. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धीत निवेदनहरु हेर्ने

*(नोटः- उल्लेखित सेवा बाहेक अन्य सेवाहरु स्थगन गर्ने । काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिलाइ शून्य समय मानी सो अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारेखसमेत नगुज्रने एवं अन्य व्यवस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने ।)*

२०७८।१।१५

श्रेस्तेदार(उपसचिव)

उपसचिव